# स्थानीय राजपत्र

## वनगाड कुपिण्डे नगरपालिकाद्वारा प्रकाशित

संख्याः ६ खण्डः ८ पारित मितिः२०८२।०८।०७

## वनगाड कुपिण्डे राजपत्र

### भाग – २

**वनगाड कुपिण्डे नगरपालिकाको बजार व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२**

**प्रस्तावनाः**

नेपालको संविधान, २०७२ को अनुसुची ८ मा उल्लेख भएको नगरपालिकाको एकल अधिकार सुचीमा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (अ) अनुरुप तथा वनगाड कुपिण्डे नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम यो कार्यविधि निर्माण गरिएको छ।

वनगाड कुपिण्डे नगरपालिकाको बजार क्षेत्रलाई व्यवस्थित गर्न स्थानीय बासिन्दाहरुकै सहभागिता अपरिहार्य हुने र बजार क्षेत्रको सरसफाई तथा व्यवस्थापन कार्यमा स्थानीय बासिन्दाहरुको सहभागीताबाट अपनत्व कायम हुने हुँदा यस सम्बन्धी कार्यविधि निर्माण गरी कार्यन्वयन गर्न आवश्यक भएकाले वनगाड कुपिण्डे नगरपालिकाले यो वजार व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि २०८२ तयार गरी कार्यान्वयनमा ल्याएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "वनगाड कुपिण्डे नगरपालिकाको बजार व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२” रहेको छ।

(ख) यो कार्यविधि वनगाड कुपिण्डे नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) कार्यविधि भन्नाले " वनगाड कुपिण्डे नगरपालिकाको बजार व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२" सम्झनु पर्दछ।

(ख) "बजार व्यवस्थापन समिति" भन्नाले बजार व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२बमोजिम गठन भएको बजार व्यवस्थापन समिति सम्झनु पर्छ।

(ग) “क्षेत्राधिकार” भन्नाले बजार व्यवस्थापन समितिले आफ्नो समितिले कार्यसम्पादन गर्ने गरि भेला मार्फत कायम गरेको क्षेत्रलाई सम्झनुपर्दछ।

घ) नगरपालिका भन्नाले वनगाड कुपिण्डे नगरपालिकालाई सम्झनुपर्दछ।

ङ) वडा कार्यालय भन्नाले वनगाड कुपिण्डे नगरपालिका भित्रको १२ वटै वडा र सम्वन्धित वजार व्यवस्थापन समिति रहेको वडालाई सम्झनुपर्दछ।

**३. कार्यविधिको उद्देश्यः** नगरपालिकाको बजार क्षेत्रको व्यवस्थापनमा स्थानीय बासिन्दाको सक्रिय सहभागिता प्रवर्द्धन गर्ने।

**४. कोष खाता :**

(१) बजार व्यवस्थापन समितिको नाममा एक कोष खडा गरिनेछ।

(२) दफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछ।

(क) वनगाड कुपिण्डे नगरपालिकाको नगरसभाबाट विनियोजित हुने बजार व्यवस्थापन समितिसंग सम्बन्धित रकम,

(ख) विकास साझेदार संस्था, स्थानीय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट समितिलाई नगरपालिकको सिफारिसमा सोझै प्राप्त हुने रकम,

(ग) समितिले तोके बमोजिम आफ्नो सदस्यहरुबाट समितिलाई प्राप्त हुने मासिक शुल्क वा सहयोग,

(घ) समितिलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) कोष खाता सम्बन्धमा नगरपालिकाले जुनसुकै वेलामा खाताको हिसाव किताव समितिसँग माग गर्न सक्नेछ र कोषको हिसाव किताव बुझाउनु समितिको कर्तव्य हुनेछ।

**५. कोषको प्रयोग :** कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ :

(क) समितिको कार्यक्षेत्र भित्र कामकाज गर्ने गरि खटाईएका सरसफाइ कर्मचारी तथा अन्य कर्मचारीको पारिश्रमिक तथा ज्याला,

(ख) समितिको कार्यक्षेत्र भित्र समिति मार्फत व्यवस्थित सडक वत्ति र सो सँग सम्बन्धित अन्य खर्च,

(ग) समितिको अगुवाईमा समितिको निर्णय र नगरपालिकाको सहमतिमा हुने कार्यक्रमहरु सँग सम्बन्धित खर्चका रकमहरु,

(घ) समितिको प्रशासनिक खर्चहरु

(ङ) समिति मार्फत नियुक्त गरिएका सरसफाई कर्मचारीहरुलाई आवश्यक श्रोत साधन र तिनिहरुको परिचालन खर्च,

(च) समिति मार्फत व्यस्थित सार्वजनिक स्थलको संरक्षण सम्वद्धनमा लाग्ने खर्च,

(छ) सार्वजनिक शौचालय, विश्राम स्थल, स्नान गृह, पार्किङ्ग स्थल, हरित क्षेत्र प्रर्वद्धन, पार्क, चोक लगाएतका संरचना निर्माण गर्दा समितिले पुर्ण वा आशिंक आर्थिक सहभागितामा व्यहोर्नुपर्ने रकम,

(ज) समिति आयोजक भई गर्ने विविध कार्यक्रम सँग सम्बन्धित खर्चको रकम,

(झ) समितिको भेलावाट निर्देशित अन्य खर्चहरु।

**६. कोषको रकम प्रयोग हुन नसक्नेः** दफा ५ मा जेसुकै कुरा लेखिएको भए तापनि देहायका प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन :-

(क) समितिका पदाधिकारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) समितिका पदाधिकारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा तथा अनुदान प्रदान गर्न,

(घ) बजार व्यवस्थापनसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन।

**७. खाता संचालन :**

क) समितिको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको संयुक्त दस्तखतवाट खाता सञ्चालन हुनेछ र उक्त खाता सञ्चालनको लागि नगरपालिकाले सिफारिस गर्नु पर्नेछ।

ख) मासिक आम्दानी तथा खर्चको विवरण समितिको कार्यालय तथा वडा कार्यालयको सुचना पाटीमा प्रकाशन गर्नुपर्नेछ।

**८. समितिको गठन तथा बैठक :**

क) बजार क्षेत्र रहेको सम्बन्धित वडाका वडाध्यक्ष समितिको संरक्षक रहने गरी बजारका स्थायी बासिन्दा तथा व्यवसायीहरुको भेलाले अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष सचिव तथा सदस्य रहने गरि ७ देखि १५ सदस्यीय समिति गठन गर्न सक्नेछ। समितिमा कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व अनिवार्य हुनुपर्नेछ। समितिलाई समावेशी बनाउन आवश्यक ठानेमा उपाध्यक्ष पदमा दुईजनासम्म राख्न सकिने छ।

ख) यस कार्यविधि कार्यान्वयनमा आउनु पूर्व गठन भएका समितिहरुलाई यसै कार्यविधि बमोजिम गठन भएको मानी दर्ता गरिनेछ र यसरी दर्ता भएको समितिले दर्ता भएको मितिले एक वर्षभित्र यस कार्यविधिले तोके बमोजिमका समिति गठन सम्बन्धी व्यवस्था तथा शर्तहरु पूरा गर्नुपर्नेछ।

ग) गठन भएको समितिलाई नगरपालिकाले तोकिएको ढाँचामा प्रमाणपत्र उपलव्ध गराउनेछ।

घ) समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ।

ङ) आवश्यकता अनुसार अन्य समयमा पनि बैठक बस्न सक्नेछ।

च) समितिको वार्षिक रुपमा अनिवार्य साधारण सभा गर्नुपर्नेछ।

**९. मासिक शुल्कको सम्बन्धमा :**

क) समितिको कार्यक्रम तथा योजना एवंम समितिको स्थायित्वका लागि भेलाको निर्णय गराई समितिले मासिक शुल्क निर्धारण गर्न सक्नेछ।

ख) समितिको कार्यक्षेत्र भित्र स्थायी बसोवास गर्ने व्यक्ति, उद्योगी, व्यवसायी, वहालवाला व्यवसायी, संघसस्था, कार्यालय, वित्तीय संघ संस्था समितिको साधारण सदस्य हुन सक्नेछन्।

**१०. समितिको पदाधिकारी तथा सदस्य हुनको लागि आवश्यक योग्यताः**

क) नेपाली नागरिक हुनुपर्ने,

ग) बजार क्षेत्रभित्र उद्योग, व्यवसाय गरेको भए आफ्नो उद्योग व्यवसाय नगरपालिकामा दर्ता र नियमित रुपमा नवीकरण गरेको हुनुपर्ने,

घ) कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहर नभएको तथा उच्च नैतिक चरित्र भएको हुनपर्ने,

ङ) पेशागत उत्तरदायित्व बहन गरेको हुनपर्ने।

**११. समितिको काम कर्तव्य र अधिकारः**

क) फोहरमैला व्यवस्थापनका लागि फोहरको श्रोतमा वर्गीकरण गर्नका लागि सबैलाई प्रोत्साहन गर्ने,

ख) समितिका सदस्यहरुबाट मासिक शुल्क उठाउने, नियमित गर्ने र आवश्यकताको क्षेत्रमा खर्च गर्ने,

ग) समितिको क्षेत्राधिर भित्र रहेको सम्पदाको संरक्षण प्रर्वद्धन गर्ने, फुटपाथ तथा पार्किङ्ग व्यवस्थित गर्ने,

घ) वातावरण संरक्षण, बजार व्यवस्थापन, सस्कृति संरक्षण लगाएतको काम गर्ने,

च) वडा कार्यालय तथा नगरपालिकामा कार्यक्रम माग गर्ने, बजार व्यवस्थित गर्न कार्यक्रम सिफारीस गर्ने,

छ) वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन कार्यमा नगरपालिकासँग समन्वय गरी कार्य गर्ने,

ज) नगरपालिकाले बाल विवाहमुक्त नगर अभियान, बालश्रममुक्त नगर अभियान, बालमैत्री नगर अभियान लगाएतका कार्यक्रमहरुमा सहभागि हुने,

झ) नगरपालिका कार्यालय तथा वडा कार्यालयमा समितिको निर्णय तथा वार्षिक आर्थिक हिसाव विवरण पेश गर्ने,

ञ) आफ्नो बजार क्षेत्रमा निर्माण भएका सार्वजनिक शौचालय, उद्यान, खेलमैदान, सडक वत्ती, व्यायमशाला आदिको संरक्षण गर्ने,

ट) व्यवसाय दर्ता तथा नियमित रुपमा नवीकरण गर्न व्यवसायीहरुलाई प्रोत्साहन गर्ने,

ठ) नगरपालिकाले आव्हान गरेको अन्य कार्यक्रमहरुमा सहभागिता जनाउने।

**१२. समितिको कार्यकालः** समितिले प्रत्येक ३/३ वर्षमा समितिको पदाधिकारी परिर्वतन गर्ने गरी साधारण सभा गर्नुपर्ने छ । तर एकै व्यक्ति पुनःनिर्वाचित हुनका लागि वाधा पुर्‍याएको मानिने छैन।

**१३. मापदण्ड तथा निर्देशिका सम्बन्धि व्यवस्थाः** १) यस कार्यविधि बमोजिम बजार क्षेत्रलाई सफा, सुन्दर वातावरण संरक्षण तथा फोहर व्यवस्थापनसँग सम्बन्धित आवश्यक विविध निर्देशिका तथा मापदण्ड बनाउने अधिकार नगरपालिकालाई हुनेछ।

**१४. अनुगमन, मुल्याङ्कन तथा सिफारिस** : बजार व्यवस्थापन समितिको काम तथा क्रियाशिलताको सम्बन्धमा नगरपालिकाबाट समय समयमा अनुगमन गरिनेछ। अनुगमन हुँदा कुनै समिति निश्कृय भएको पाईएमा वा कुनै समितिले आर्थिक अपचलन तथा कोषको दुरुपयोग गरेको भन्ने समिति अन्तर्गतका सदस्यहरु वा अन्य कुनै व्यक्तिले नगरपालिकामा उजुरी गरी अनुगमनबाट समेत त्यस्तो

कार्य गरेको ठहरेमा नगरपालिकाले समितिको बैंक खाता रोक्का गरी तदर्थ समिति समेत गठन गर्न सक्नेछ।

**१५. खारेजी र बचाउः** यस कार्यविधिको कुनै दफा र उपदफा निलम्वन, खारेजी वा संशोधन गर्ने अधिकार नगरकार्यपालिका लाई हुनेछ।

अनुसुचीहरु :

अनुसूची - १

वनगाड कुपिण्डे नगरपालिकामा बजार व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ को दफा ८ (ग) सँग सम्बन्धित निवेदन ढाँचाः

श्री वनगाड कुपिण्डे नगरपालिका,
देवस्थल, सल्यान।

विषय : बजार व्यवस्थापन समिति दर्ता गर्ने सम्बन्धमा।

यस वनगाड कुपिण्डे नगरपालिकामा वडा नं ………कार्यालयको. ………..स्थानमा मिति २०…..।…। मा वडाध्यक्ष श्री …………..को उपस्थिति/रोहवरमा भेला भई ……………………….देखि ……………. सम्म क्षेत्राधिकार रहने गरी ………को अध्यक्षतामा ……….सदस्यीय समिति गठन भएकोमा यस समितिलाई वनगाड कुपिण्डे नगरपालिकामा बजार व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम दर्ता गरी प्रमाणपत्र प्रदान गरिदिनु हुन अनुरोध छ।

दरखास्त पेश गर्ने समितिको तर्फवाट :

हस्ताक्षर :
नाम :
पद :
ठेगाना :
सम्पर्क नं :
समितिको छाप :

सलग्न कागजातहरु :

१) बजार व्यवस्थापन समितिको क्षेत्राधिकार खुल्ने गरी समिति दर्ताको लागि सम्वन्धित वडाको सिफारिस पत्र,
२) समिति गठनको लागि भेलाको उपस्थिति र निर्णयको प्रतिलिपी,
३) पदाधिकारी तथा सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
४) समितिको नाम, छाप र वैंक तथा वित्तीय संस्थामा रहेको समितिको खाता नम्वरः (खाता संचालनमा नभए संचालन भएपछि उपलब्ध गराउनुपर्ने)।
५)समितिका पदाधिकारी र सदस्यहरुको तपसिल बमोजिमको ढाँचाको विवरणः

| क स | नाम थर | पद | ठेगाना/टोल | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसुची -२

वनगाड कुपिण्डे नगरपालिकामा बजार व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२को दफा ८ (ग) सँग सम्बन्धित प्रमाणपत्रको ढाँचा

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
देवस्थल, सल्यान।

प्रमाणपत्र नं

बजार व्यवस्थापन समिति दर्ता प्रमाणपत्र

बजार व्यवस्थापन समितिको नाम :

गठन मिति :

ठेगाना :

बजार व्यवस्थापन समितिको अध्यक्षको नाम :

समितिको क्षेत्राधिकार :

बजार व्यवस्थापन समिति दर्ता गर्ने सम्बन्धी समितिको मिति २० । । गतेको निवेदनमा आवश्यक कारवाही हुँदा यस बजार व्यवस्थापन समितिलाई वनगाड कुपिण्डे नगरपालिका वडा नं .............को कार्यालयले सिफारिस सहित तोकेको क्षेत्राधिकार............ भित्र वनगाड कुपिण्डे नगरपालिकाको बजार व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ अनुरुपको बजार व्यवस्थापनसँग सम्बन्धित कार्यहरु सञ्चालन गर्नका लागि यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

नोट :

१. दर्ता कायम भएको मितिको ठिक एक वर्ष भित्रमा साधारण सभा गरी समितिको प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ।

२. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

....................

शाखा प्रमुख

दर्ता गर्ने अधिकारी
दस्तखतः
नाम थरः
पदः
मितिः

आज्ञाले,
नामः गोकर्ण पन्थी
प्रमुख प्रशासकीय अधिकृत